# मिति २०७५ पौष २१ गतेको नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## मिति २०७५ पौष २१ गतेको बैठकको निर्णय

**प्रस्ताव नं.७ :- आ.व. ०७५/०७६ का लागि विनियोजित समपुरक कोष र विशेष अनुदानको कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं ७ :-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकारबाट जारी विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यस टीकापुर नगरपालिकाको प्राथमिकतामा परेका तपसिलमा उल्लेखित आयोजनाहरु आ.व.०७५/०७६ का लागि छनौट गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यक्रम स्वीकृतीका लागि अनुरोध गर्ने निर्णय गरियो ।

***तपसिल :***

**विशेष अनुदान तर्फ :**

| क.सं | आयोजनाको नाम कार्यक्रम | आयोजना स्थल | अनुमानित लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कर्णाली मा.वि.मा पूर्वाधार निर्माण | टी.न.पा वडा नं. १ | १ ,००,००,०००।- | प्राविधिक शिक्षा संचालन भई रहेको नमूना विद्यालय |
| २ | फोहोर मैला व्यवस्थापन | टी.न.पा वडा नं. ५ | ८०,०००००।- | नगरको फोहोरमैला व्यवस्थापनका लागि स्थानको छनौट भईसकेको |
| ३ | शहरी स्वास्थ्य केन्द्र निर्माण | टी.न.पा वडा नं. ७ | ८०,०००००।- | शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि पूर्वाधार निर्माण गर्नुपर्ने |
| ४ | खानेपानी आयोजना | टी.न.पा वडा नं. ९ | १ ,००,००,०००।- | पूर्वाधार अधुरो रहेको |
| ५ | त्रिभुवन मा.वि.वटनपुर | टी.न.पा वडा नं. ८ | ६०,०००००।- | विद्यालयको पूर्वाधार अप्रयाप्त रहेको |
| ६ | मुक्त कमैया प्रा.वि.विजयनगरमा पूर्वाधार निर्माण | टी.न.पा वडा नं. २ | ६०,०००००।- | विद्यालयको पूर्वाधार अप्रयाप्त रहेको |
| ७ | लघु उद्यम व्यवसाय संचालन कार्यक्रम | वडा नं. १ | ६०,०००००।- | (लोपोन्मुख) राजी बस्तीमा |
| ८ | जनता रा.मा.वि, सोनाफाँटा पूर्वाधार निर्माण (भवन) | वडा नं. ७ | ८०,०००००।- | |

**समपुरक अनुदान तर्फ :**

| क.सं | आयोजनाको नाम कार्यक्रम | आयोजना स्थल | अनुमानित लागत रकम | नगरपालिकाको म्याचिगं रकम | मन्त्रालयको | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रामपुर चौराहा देखि खक्रौला जोड्ने कृषि सडक | टी.न.पा वडा नं. ३ | १ ,००,००,०००।- | ६०,००,०००।– | ४०,००,०००। | |
| २ | टीकापुर पार्क घेरा तथा पर्खाल निर्माण | टी.न.पा वडा नं. ५ | २ ,००,००,०००।- | १,२०,००,०००।– | ८०,००,०००। | |
| ३ | सौर्य बत्ती जडान | टीकापुर न.पा. वडा नं. १-९ | १,५०, ००,०००।- | ९०,०००।- | ६०,००,०००।- | टीकापुर मुख्य बजार र वडा क्षेत्रमा रहेका मुख्य चोक चौराहा र सार्वजनिक क्षेत्र |

नगर प्रमुख

# मिति २०७५ पौष २१ गतेको नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ८ :- टीकापुर नगरपालिकाको लोगो निर्माण सम्बन्धमा ।**

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७५/०३/२९ गतेको नगरसभा बैठकको निं.नं. ५ तथा मिति २०७५/०६/२ गतेको कार्यपालिका बैठकको को निर्णय न १३ बमोजिम यस टीकापुर नगरपालिकाको पहिचान झल्कने, स्पष्ट र आकर्षक लोगो डिजाईन निर्माण गर्ने सम्बन्धमा निर्णय गरिएकोमा लोगो डिजाईन सम्बन्धि कार्यलाई व्यवस्थित रुपले कार्यान्वयन गर्न कार्यदल बनाउनुपर्ने आवश्यकता महशुष भएको हुँदा तपसिल बमोजिम कार्यदल गठन गरी आवश्यक कार्य अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

संयोजक : कार्यपालिका सदस्य,श्री दीर्घ बहादुर ठकुल्ला, वडा अध्यक्ष वडा नं.८

सदस्य : कार्यपालिका सदस्य ,श्री बलिराम चौधरी, वडा अध्यक्ष वडा नं.६

सदस्य सचिव : प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख

**प्रस्ताव नं. ९ :- कार्यक्रम बजेट सम्बन्धमा ।**

**निर्णय नं. ९ :-** प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिकामा विभिन्न संघ/संस्थाहरुबाट विभिन्न कार्यक्रम संचालनका लागि विभिन्न मितिमा निवेदन पेश भएको सन्दर्भमा, यस अघिनै केही संघ/संस्थाहरुबाट कार्यक्रम सम्पन्न भई सकेको र भूक्तानी गर्न उक्त संघ/संस्थाहरुमा दायित्व सृजना भएको तथा स्रोत व्यवस्थापन गर्न नसकेकोले आवश्यक सहयोगका लागि वारम्वार अनुरोध तथा ताकेता गरीरहेको तथा केहि संघ/संस्था तथा कार्यक्रम सन्चालनका लागि अनुरोध भई आएको सम्बन्धमा तपसिल बमोजिमका संघ/संस्थाहरुलाई आ.व. ०७५/०७६ मा विभिन्न शिर्षक अन्तर्गत विनियोजित बजेटबाट तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र. सं. | कार्यक्रमको नाम | स्वीकृत रकम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | चौथो बर्दगोरिया सेती लोक मार्ग कप फुटवल प्रतियोगिता | ४०,०००।- | मेयर कप लगायतका अन्य खेलकुद कार्यक्रम | |
| २ | बृहत नवरात्र अनुष्ठान एवम् देवी भागवत पारायण यज्ञ, २०७५, टीकापुर-१, कैलाली | ७५,०००।- | कार्यक्रम खर्च चालु | |
| ३ | मूक्तक मन्च, नेपाल केन्द्रिय कार्यालय टीकापुर-१, कैलाली | ४०,०००।- | कार्यक्रम खर्च चालु | राष्ट्रब्यापी ब्यापी खुला मूक्तक प्रतियोगिता तथा सम्मान कार्यक्रम |
| ४ | खप्तड सांस्कृतिक परिवार, टीकापुर कैलाली | ४०,०००।- | विभिन्न स्थानीय संस्कृति प्रबर्द्धन कार्यक्रम | |
| ५ | घाँसे मेला, वडा न.८ | ५०,०००।- | " " " | |
| ६ | टीकापुर महोत्सव संचालन सहयोग | १२,००,०००।- | कार्यक्रम खर्च चालु | |
| ७ | कालिकोट वलाता गाउँपालिकाको विपद | ५१,१११।- | विपद् व्यवस्थापन कोष | |
| ८ | डल्फिन महोत्सव | १,२०,०००।- | कार्यक्रम खर्च चालु | जोशीपुर गाउँपालिकाबाट उक्त कार्यक्रमका लागि प्राप्त भए बमोजिमको रकम शोधभर्ना हुने |
| | | | | |

नगर प्रमुख

# मिति २०७५ पौष २१ गतेको नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १० :- कोठा भाडा सम्बन्धमा ।**

**निर्णय नं. १० :-** प्रस्ताव नं. १० माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको दक्षिण तर्फको भाडामा रहेको सटर नं.२२ मा घिमिरे चिया पसलले चिया, खाजा व्यवसाय संचालन गर्दै आउनु भएकोमा निजले उक्त कोठामा ब्यवसाय संचालन गर्न ठाउँ अप्रयाप्त भएको र सोहि कोठासँग जोडिएको पछाडि रहेको कोठा खाली अवस्थामा रहेकोले भाडामा उपलब्ध गराई पाउँ भनि मिति२०७५/०९/१८ मा यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा उक्त कोठा खासै प्रयोगमा नरहेको र नगरपालिकाको आम्दानीमा समेत बृद्धि हुने भएको हुँदा यस आर्थिक वर्षको लागि उक्त कोठाको मासिक रु.४,०००।- का दरले भाडामा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं.११ :- आयोजना संचालनका लागि टेन्डर गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ११ :-** प्रस्ताव नं. ११ मा छलफल गर्दा वडा नं. ६ को गत आ.व. मा सम्पन्न हुन नसकी क्रमागत रुपमा रहेको शिव मन्दिरको बैठक भवन निर्माणका लागि चालु आ.व. मा रु १०,५०,०००।- विनियोजन भएको उक्त योजनाको लागत अनुमान तयार गर्दा रु.१६,००,०००।- लाग्ने देखिएकाले नपुग हुने रकम ब्यवस्थापनका लागि वडा नं. ६ तर्फकै वडागत बजेटबाट संचालन हुने योजनाको ठेक्का मार्फत संचालन गर्दा वचत हुन जाने रकमबाट ब्यवस्थापन गर्ने, त्यसरी ब्यवस्थापन हुन नसकेमा आ.व.को अन्त्यमा वडा नं. ६ को वडागत पुँजीगत बजेटमा बचत हुने रकमबाट ब्यवस्थापन गर्ने र त्यसरी समेत ब्यवस्थापन हुन नसकेमा वडा नं. ६ को आगामी आ.व. को पूँजीगत बजेटतर्फबाट विनियोजन खर्च हुने गरी हाललाई लागत अनुमान रकम अनुसारनै ठेक्का प्रकृया अगाडि बढाउन कार्यापालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१२ : आयोजना संचालन रकम सम्बन्धमा ।**

**निर्णय नं. १२ :** प्रस्ताव न १२ मा छलफल गर्दा आ.व. ०७५/०७६ का लागि स्वीकृत नीतिमा पूर्वाधार तर्फका सवै योजनाहरुमा विनियोजित रकमको ३ प्रतिशत रकम मर्मत सम्भार कोष र ३ प्रतिशत रकम विपद् ब्यवस्थापन कोषमा अग्रिम रुपमा कट्टा गर्ने रहेकोमा ५ लाख भन्दा कम लागत रहने आयोजनाहरुमा उक्त रकम कट्टा गर्दा आयोजना गर्दा रकम न्यून हुन गई गुणस्तरियतामा समस्या पर्न जाने देखिएकोले पूर्वाधार तर्फका ५ लाख भन्दा साना योजनाहरुको मर्मत सम्भार कोष र विपद् ब्यवस्थापन कोषको रकम कट्टा नगरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :- नदीजन्य पदार्थ (ढुंगा, गिट्टि,बालुवा) उत्खननमा भारी साधन प्रयोगको अनुमती दिने सम्बन्धमा ।**

**निर्णय नं. १३ :-** प्रस्ताव नं १३ मा छलफलगर्दा यस टीकापुर नगरपालिकाको नदीबाट नदीजन्य पदार्थ(ढुंगा, गिट्टि,बालुवा) उत्खनन र निकासी गर्न चालु आ.व. ०७५/०७६ का लागि श्री निराजन कन्स्ट्रक्सनसँग भएको सम्झौतामा उत्खनन कार्यका लागि भारी उपकरण र मेशिनको प्रयोग गर्नुपूर्व नगरपालिकाको पूर्वस्वीकृति आवश्यक पर्ने भएकाले निजले मिति २०७५ /०९/२० गते मेशिन प्रयोगको अनुमती माग गरेकाले कर्णाली नदीको उत्खनन क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको प्रतिकूल नहुने गरी प्रतिवेदनको पाना नं. ६१ अनुसूची २ को परिधी भित्र रही सवै उत्खनन क्षेत्रमा गरी बढीमा ३ (तीन) थान स्काभेटर र बढीमा चार (४) दिन ब्याक हो लोडर प्रयोगको अनुमती दिने र सो कार्यको निगरानी तथा अनुगमन गर्ने कार्य सम्बन्धित वडा र नगरपालिकाले गर्ने गरी ब्यवस्था मिलाउने निर्णय गरियो ।

नगर प्रमुख

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १४ :- नगरपालिकाको स्वामीत्वमा रहेका पूराना सटर/सपिङ्ग कार्यक्रमको भाडा तथा सम्झौता सम्बन्धमा**

**निर्णय नं. १४ :-** प्रस्ताव नं. १४ मा छलफलगर्दा नगरपालिकाको स्वामीत्वमा रहेको कार्यालयको दक्षिणतर्फ रहेको सपिङ्ग कम्प्लेक्स भवन नं. १ र २ मा पसल / व्यवसाय गरिरहेका व्यवसायीहरुले नगरपालिकाले निर्धारण गरेको सटरभाडा प्रति सटर रु.१०,०००।-एकल र (रु. ८००० एकमुष्ट) अत्यन्तै बढी भएको तथा विगतदेखिनै भाडा रकममा वार्षिक १० प्रतिशतले बृद्धि गरी सम्झौता नवीकरण गर्ने गरेकाले चालु आ.व.मा समेत सोही बमोजिम संझौता नवीकरण हुन पटक/पटक लिखित तथा मौखिक अनुरोध गरिरहेकोले प्रचलित बजार अवस्था समेतलाई मध्यनजर गरी चालू आ.व. का लागि प्रति सटर प्रतिमहिना रु ७,०००।- (सात हजार) कायम गरी प्रत्येक वर्ष १० प्रतिशतका दरले बृद्धि हुने गरी सम्झौता नवीकरण र भाडा असुली कार्य अगाडि बढाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :- अध्ययनका लागि आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय नं. १५ :-** प्रस्ताव नं. १५ मा छलफलगर्दा यस नगरपालिका वडा नं. १ ब्लक नं. २३ बस्ने हिरालाल सुनारको नाती धनबहादुर विश्वकर्माको छोरा शिशिर वि.क.ले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान लगनखेल-५ ललितपुरद्वारा मिति २०७५/०८/२२ गते लिईएको एम.बी.बी. एस. प्रवेश परीक्षामा पूर्ण छात्रवृत्ति स्किम अन्तर्गत अन्तिम छनौटमा सफल भई चालु आ.व.०७५/०७६ नवौ समुहमा भर्ना भई सकेको र सो अध्ययन गर्न स्टेशनरी, होस्टेल खर्च, प्रयोगात्मक शुल्क लगायतका अन्य खर्च लाग्ने भएको र अध्ययनका लागि पूर्ण छात्रबृत्ति पाए पनि आवश्यकिय स्टेशनरी,होस्टेल लगायतका खर्च व्यवस्थापन गर्न घरको आम्दानीबाट असम्भव भएकोले आवश्यक सहयोगका लागि मिति २०७५/०९/१७ गते यस नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुभएकोमा निजले पेश गरेको विवरण अध्ययन गर्दा निजको अध्ययन अवधीभर शैक्षिक विविध खर्च रु. ८ लाख भन्दा बढि देखिएको र अध्ययनबाट उत्पादित जनशक्ति यस क्षेत्रकै सम्पत्ति हुने भएकोले निजलाई एम.बी.बी. एस.को अध्ययन अवधिभर वार्षिक रु. ५०,०००-(पचास हजार)हुने गरी उपलब्ध गराउने निर्णय गरियो

**प्रस्ताव नं. १६ :- विरेन्द्र विद्या मन्दिर क्याम्पसको परीक्षा संचालनका लागि आवश्क पर्ने फर्निचर सम्बन्धमा ।**

**निर्णय नं. १६ :-** प्रस्ताव नं. १६ मा छलफलगर्दा विरेन्द्र विद्या मन्दिर, टीकापुर, कैलालीको परीक्षा केन्द्र हाल सम्म टीकापुर बहुमुखी क्याम्पस,टीकापुरमा हुँदै आएको तर यहि शैक्षिक सत्र २०७५/०७६ देखि टीकापुर बहुमुखी क्याम्पस सुदुरपश्चिमान्चल विश्वविद्यालयको आंगीक क्याम्पसको रुपमा समायोजन भईसकेकोले कानूनी रुपमा छुट्टै विश्व विद्यालयमा परीक्षा संचालन गर्न नमिल्ने भएको कारण विरेन्द्र विद्या मन्दिर क्याम्पस, टीकापुर, कैलालीमानै त्रि.वि परीक्षा केन्द्र संचालन गर्नुपर्ने भएकी र परीक्षा सन्चालका लागि फर्निचर बेन्च डेस्क को अभाव भएको हुँदा त्यसको व्यवस्थापनका लागि सहयोग गरीदिनुहुन भनि प.स. ०७५/०७६, च.नं.११५ मिति२०७५/०९/१९ गतेको पत्रबाट अनुरोध भई आएकोले यस नगरपालिका क्षेत्र अन्तर्गतका परीक्षार्थिहरुलाई आफ्नै क्षेत्रबाट परीक्षा दिन पाउँने व्यवस्था मिलाउन उक्त विरेन्द्र बहुमुखी क्याम्पसमा परीक्षा संचालन गर्नका लागि पूर्वाधारको रुपमा रहेको फर्निचर (बेन्च, डेस्क)निर्माणका लागि नगरसभाबाट स्वीकृत ५० प्रतिशत भन्दा बढी लागत सहभागिताबाट सञ्चालन गर्न योजनाहरुका लागि विनियोजित बजेटबाट न.पा.का तर्फबाट ४९ प्रतिशत लागत ब्यहोर्ने गरी बढीमा रु. ३,००,०००।- (तीन लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :- सचिवालय व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १७ :- प्रस्ताव नं. १७ मा छलफलगर्दा** यस नगरपालिकाको विषयसँग सम्बन्धित सूचना, सन्चार , जनसम्पर्क , पत्रपत्रिका सँग सम्बन्धित विषयहरुको उचित विश्लेषण गरी सल्लाह सुझव प्रदान गर्नका लागि एवं प्रेस तथा मिडिया क्षेत्रसंग समन्वय गर्नका लागि प्रेस सल्लाहकारको आवश्यकता महशुस

नगर प्रमुख

# मिति २०७५ पौष २१ गतेको नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

भएको तथा नगरप्रमुखलाई कार्यालय जनसम्पर्क , भेटघाट र कार्यालय भन्दा बाहिर हुने विभिन्न कार्यक्रमहरुको व्यवस्थापन तथा सहजीकरणगर्नका लागि स्वकीय सचिवको व्यवस्था गर्नुपर्ने देखिएको हुँदा तपसिल बमोजिमको पारिश्रमिक उपलब्ध गराउने गरी नगरपालिकाको प्रेस सल्लाहकार र नगरप्रमुखको स्वकीय सचिवको व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र. सं. | आवश्यक पद | आवश्यक संख्या | तोकिएको पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १ | प्रेश सल्लाहकार | १ | मासिक रु. २५,०००।- | करार परामर्श सेवाशुल्क शिर्षकमा विनियोजित रकमबाट व्यवस्था गर्ने |
| २ | स्वकिय सचिव | १ | मासिक रु. २३,०००।- | करार परामर्श सेवाशुल्क शिर्षकमा विनियोजित रकमबाट व्यवस्था गर्ने |

**प्रस्ताव नं. १८ :- ख्याती प्राप्त ब्यत्तिहरुको सम्मान गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १ ८ :-** प्रस्ताव नं. १८ मा छलफल गर्दा यस टीकापुर क्षेत्रमा स्थायी ठेगाना भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाउन सफल तपसिलका व्यत्तित्वहरुलाई नगरपालिकाको तर्फबाट मेयरउपमेयरकप खेलकुद समापन समारोहमा नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | सम्बन्धित विधा वा क्षेत्र | सम्मान गरिने ब्यक्ति | कैफियत |
|---|---|---|---|
| १ | विश्वका शक्तिशाली प्रेरणादायी महिला | उमादेवी बादी, टीकापुर, कैलाली | वि.वि.सी सर्भेक्षण २०१७ मा विश्वका शक्तिशाली प्रेरणादायी महिलाको १० औ स्थानमा पर्न सफल |
| २ | खेलकुद (क्रिकेट) | जगत टमट्टा, वडा नं. ७ नारायणपुर | क्रिकेटको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय योगदान |

**प्रस्ताव नं. १९ :- सपिङ्ग कम्प्लेक्सको पेटी निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १९ :- प्रस्ताव नं. १९ मा छलफल गर्दा** यस टीकापुर नगरपालिकाको कार्यालय परिसरको पश्चिम र उत्तर तर्फ पछिल्लो चरणमा निर्माण गरिएको सपिङ्ग कम्प्लेक्स भवनमा पेटी निर्माण नगरिएको तथा उक्त भवनका सटरहरु टेन्डर आह्वान गरी भाडाका लागि सम्झौताको प्रक्रिया अघी बढिरहेकोमा उक्त सटरहरुको उचाई सडक भन्दा निकै बढि रहेका कारण पसल खोल्न तथा ग्राहकहरु समेत पसल सम्म पुग्न कठिनाई हुने भनि कोठा भाडा टेन्डरमा स्वीकृत भएका ब्यवसायीहरुबाट पटक पटक मौखिक अनुरोध भई आएको र सम्झौता गर्न ढिलाई भईरहेको हुँदा हाललाई आ.व.०७५/०७६ का लागि विविध पूंजिगत शिर्षकमा विनियोजित बजेटबाट ईन्धन खर्च ब्यहोर्ने गरी नगरपालिकाको साधन प्रयोग गरी उक्त सपिङ्ग कम्प्लेक्स भवनमा माटो पटानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २० :- शुभकामना सम्बन्धमा ।**

**निर्णय नं. २० :-** प्रस्ताव नं २० उपर छलफलगर्दा देश भरनै श्रद्धा पूर्वक मनाईने मकर संक्रान्तीको पावन शुभ अवसरमा टीकापुर नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरवासीमा सुख, स्वास्थ्य र सम्बृद्धिकालागि हार्दिक मंगलमय शुभ कामना ब्यक्त गरियो ।

नगर प्रमुख